# राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष सञ्चालन कार्यविधि

## २०७२

नेपाल सरकार
कृषि विकास मन्त्रालय
**राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष**
NATIONAL AGRICULTURAL RESEARCH AND DEVELOPMENT FUND (NARDF)
काठमाडौं नेपाल

# राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष सञ्चालन कार्यविधि २०७२

**कार्यविधि स्वीकृत मितिः२०७२।०३।०३**

राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष २०५८ को दफा ६ को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी समितिले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष सञ्चालन कार्यविधि २०७२" रहेकोछ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कोष" भन्नाले राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष २०५८ सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले कोष संचालक समिति सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "सदस्य-सचिव" भन्नाले समितिको सदस्य-सचिव सम्झनु पर्छ ।

(ङ) "कोष खाता" भन्नाले कोषमा प्राप्त हुने सम्पूर्ण रकम जम्मा हुने खाताहरू सम्झनु पर्छ ।

(च) "सचिवालय" भन्नाले कोषको कार्यालय सम्झनु पर्छ ।

(छ) "प्रस्ताव" भन्नाले अनुदान सहयोगको लागि सचिवालयमा प्राप्त आयोजना अवधारणा पत्र लगायत आयोजना/कार्यक्रमको प्रस्ताव सम्झनु पर्छ ।

(ज) "प्रतिस्पर्धात्मक अनुदान प्रणाली" भन्नाले कोषमा अनुदान रकमको उपलब्धताको धारणा एक वा एक भन्दा बढी प्रस्तावकहरूलाई तोकिए बमोजिमको प्रतिस्पर्धाको आधारमा अनुसन्धान तथा विकासका लागि अनुदान उपलब्ध गराई कार्यान्वयन गराउने प्रणाली सम्झनु पर्दछ ।

(झ) "तोकिए बमोजिम" भन्नाले यस कार्यविधिमा तोकिएको वा यस कार्यविधि कार्यान्वयन गर्न कोषले समय समयमा प्रष्टताको लागि तोक्ने आधारहरूलाई सम्झनु पर्छ ।

(ञ) "कृषि" भन्नाले कृषिसँग सम्बन्धित सबै क्षेत्रलाई सम्झनु पर्छ ।

(ट) "संस्था" भन्नाले कृषिसँग सम्बन्धित सरकारी, निजी, गैह्र सरकारी निकाय, शैक्षिक संस्था एवं नागरिक समाजलाई सम्झनुपर्छ ।

३. **कोषको स्थापना** : कार्य संचालन कोष ऐन २०४३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार (मन्त्रिपरिषद) ले मिति २०५८/०८/२५ को निर्णयानुसार "राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष २०५८" स्थापना गरेकोछ ।

४. **कोषको उद्देश्य** : प्रतिस्पर्धात्मक अनुदान प्रणालीमा आधारित भई कृषि क्षेत्रको समग्र विकासका लागि सरकारी, निजी र गैह्रसरकारी निकाय एवं नागरिक समाजबाट कृषि अनुसन्धान तथा विकास सम्बन्धी आयोजना प्रस्तावहरू माग गरी उपयुक्त एवं प्राथमिकता प्राप्त आयोजनालाई पूर्ण वा आंशिक रूपमा अनुदान दिई सरकारी सेवाको न्यायोचित वितरणद्वारा कार्यक्रम संचालन गरी उपलब्धी हासिल गर्ने ।

५. **कोषका कार्यहरू** : कोषको उद्देश्य प्राप्तीका लागी कोषले देहायका कार्यहरू गर्नेछ :

(क) सरकारी, निजी र गैह्रसरकारी क्षेत्र एवं नागरिक समाज मध्ये कुनैले एक्लै वा एक भन्दा बढी संस्थाहरू मिलेर कोषको उद्देश्य प्राप्तिमा सघाउने अभिलाषा राखेमा तिनलाई लक्षित कार्यमा सहभागी हुने अवसर प्रदान गर्ने ।

(ख) कृषि क्षेत्रको अनुसन्धान तथा विकासको क्षेत्रमा विविधता ल्याउन सरकारी, निजी र गैह्रसरकारी क्षेत्र एवं नागरिक समाजको सहभागिता एवं साझेदारीमा हुने कार्यक्रमलाई प्राथमिकता दिने ।

(ग) कृषि अनुसन्धान तथा विकास कोषको क्षेत्रमा लागेका निजी एवं गैह्रसरकारी क्षेत्र तथा नागरिक समाजको क्षमता विकास एवं सशक्तिकरण कार्यक्रमहरूलाई साधन र श्रोतले भ्याएसम्म सहयोग पुऱ्याउने ।

(घ) कृषि पेशालाई व्यवसायको रूपमा विकास गर्ने र स्थानीय कृषि प्रविधि जर्गेना गर्ने कार्यक्रमलाई प्राथमिकता दिने ।

(ङ) विद्यमान कृषि योजना तथा नीतिहरूलाई मध्यनजर राखि कृषकहरूको आधारभूत आवश्यकता तथा हितलाई केन्द्रित गरी कार्यनीति बनाउने र सोही अनुसार कार्यक्रमहरू संचालन गर्ने गराउने ।

(च) कृषि क्षेत्रले अपनाउने र धान्न सक्ने कृषकमूलक कार्यक्रमलाई उचित प्राथमिकता दिने ।

(छ) तत्कालीन, अल्पकालीन र दीर्घकालीन आवश्यकता हेरी दिगो किसिमले कृषकको जीवनस्तर उकास्न सक्ने खालका कार्यक्रमलाई उचित प्राथमिकता दिने ।

६. **कोषमा जम्मा हुने रकमहरू:** कोषमा देहाय बमोजिमका रकमहरू जम्मा गरीने छ :

(क) प्रत्येक आर्थिक वर्षमा विनियोजन ऐनद्वारा छुट्याइएको रकम ।

(ख) कोषले आफ्नो सेवा प्रदान गरे वापत प्राप्त हुने रकम ।

(ग) माथि उल्लेखित बाहेक अर्थ मन्त्रालयको पूर्व स्वीकृती लिएर अन्य श्रोतबाट प्राप्त गरिने रकम ।

७. **कोष को उपयोग:** कोषमा जम्मा भएको रकमको उपयोग कोषको उद्देश्य परिपूर्तिका लागि यस कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ ।

## परिच्छेद-२

## संचालक समिति

८. **कोष संचालक समितिको गठन** : कोषको संचालन तथा कोष सम्बन्धी अन्य व्यवस्था गर्नकोलागि देहायबमोजिमको एउटा कोष संचालक समिति गठन हुनेछ :

(क) सचिव, कृषि विकास मन्त्रालय -अध्यक्ष

(ख) सहसचिव (कृषि हेर्ने), राष्ट्रिय योजना आयोगको सचिवालयमा -सदस्य

(ग) सहसचिव, अर्थ मन्त्रालय -सदस्य

(घ) कृषि क्षेत्रको विकासमा उल्लेखनिय योगदान पुऱ्याएका महिलाहरू मध्येबाट कृषि विकास मन्त्रालयबाट मनोनित भएको कृषि विज्ञ

एकजना -सदस्य

(ङ) प्रतिनिधी, नेपाल उद्योग वाणीज्य महासंघ, कृषि उद्यम केन्द्र -सदस्य

(च) प्रतिनिधी, नेपाल कृषि महासंघ -सदस्य

(छ) कृषि विकास मन्त्रालयले तोकेको कृषि सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको प्राविधिक अधिकृत -सदस्य सचिव

९. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यमान कृषि योजना र नीतिहरूलाई आधार मानी प्रतिस्पर्धात्मक अनुदान प्रणालीको लागि उपयुक्त नीति र कार्यनीति स्वीकृत गर्ने ।

(ख) प्राथमिकताको आधारमा भौगोलिक तथा कार्यक्रम क्षेत्रको लागि रकमको सीमा निर्धारण गर्ने ।

(ग) कोषको आर्थिक श्रोत जुटाउने र व्यवस्थापन गर्ने ।

(घ) आफ्नो काममा सघाउ पुऱ्याउन आवश्यकता अनुसार विभिन्न उप-समिति गठन गर्ने तथा विशेषज्ञको सेवा लिने ।

(ङ) प्राविधिक उप-समितिको सदस्यको छनौट गर्ने ।

(च) प्रस्ताव स्वीकृत गर्ने ।

(छ) स्वीकृत प्रस्तावलाई अनुदान दिने ।

(ज) कोषको अनुदान सहयोगबाट संचालित कार्यको अनुगमन, प्रगति समीक्षा तथा मूल्याङ्कन गर्ने ।

(झ) आवश्यकता अनुसार प्राविधिक सल्लाहकार वा विशेषज्ञ नियुक्ति गर्ने ।

(ञ) कोषको खर्चको अनुमोदन गर्ने ।

(ट) समितिलाई प्राप्त अधिकार आवश्यकता अनुसार सदस्य-सचिवलाई प्रत्यायोजन गर्ने ।

१०. **समितिको बैठक :**(१) समितिको बैठकको लागि सदस्य-सचिवले सबै सदस्यलाई बैठक बस्ने सम्बन्धमा लिखित रूपमा पूर्व गर्नुपर्नेछ ।

(२) एक आ.व. मा ४ पटकमा नघटाई समितिको बैठक आवश्यकता अनुसार बस्ने छ ।

(३) कार्यक्रम संचालनको लागि रकम उपलब्ध गराउने संस्थाको प्रतिनिधीलाई कोष संचालक समितिको बैठकमा आमन्त्रित गरिनेछ ।

(४) समितिको बैठकको निर्णय समितिको कूल सदस्य संख्याको बहुमतको निर्णयको आधारमा हुनेछ । मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

११. **अध्यक्षको काम, कर्तव्य र अधिकार :** अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) कोषको अल्पकालीन एवं दीर्घकालीन नीति, योजना र कार्यक्रम तयार गर्ने गराउने ।

(ख) स्वीकृत नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने ।

(ग) अध्यक्षले आवश्यक देखेमा कोषको कामसँग सम्बन्धित कुनै व्यक्तिलाई समितिको बैठकमा भागलिन आमन्त्रण गर्नसक्ने छ ।

१२. **सदस्य सचिवको काम, कर्तव्य र अधिकार** : सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अध्यक्षको आदेशानुसार समिति बैठक बोलाउने ।

(ख) समितिको बैठकमा पेश गर्ने कार्यसूची सहित अध्यक्षको सहमती लिई प्रस्ताव तयार गर्ने र पेश गर्ने ।

(ग) समितिको निर्णय सबै सदस्यहरूलाई उपलब्ध गराउने तथा सोको कार्यान्वयन गर्ने गराउने ।

(घ) समितिद्वारा गठित विभिन्न उप-समितिको निर्णय तथा सिफारिस समितिमा पेश गर्ने ।

(ङ) कोषको वार्षिक कार्यक्रम, बजेट र प्रगति प्रतिवेदन तयार पारी समिति समक्ष पेश गर्ने ।

(च) कोषबाट नियमानुसार आयोजनामा लगानी गर्ने र सोको अनुगमन गर्ने ।

(छ) कोषको उद्देश्य प्राप्तीको लागि समितिको निर्णयानुसार परामर्श सेवा उपलब्ध गर्ने गराउने ।

(ज) कोषको वित्तीय कारोबारको लेखा राख्न लगाउने ।

(झ) कोषको आन्तरिक, अन्तिम लेखा परीक्षण र बेरुजु फर्छ्यौट तथा खर्च समर्थन सम्बन्धमा समितिले तोके बमोजिम गर्ने ।

(ञ) कुनै पनि सरकारी, अर्धसरकारी, स्वदेशी तथा विदेशी निकायसित कोषको कार्यक्रम र काम कारवाहीको सिलसिलामा सम्पर्क अधिकारीको रूपमा रही तत्सम्बन्धी कार्यहरू सम्पादन गर्ने गराउने ।

(ट) कोषको उद्देश्य पूर्तिको लागि समिति तथा अध्यक्षबाट प्रत्यायोजित एवं निर्देशित अन्य काम गर्ने गराउने ।

(ठ) आफुलाई प्राप्त अधिकार आवश्यकताअनुसार मातहतका अधिकृतलाई प्रत्यायोजन गर्ने ।

(ड) सदस्य सचिव कोषको पूरा समय काम गर्ने कार्यकारी प्रमुख हुनेछ ।

## परिच्छेद-३

## प्रविधिक उप-समिति

१३. **प्रविधिक उप-समिति:** कोषको दफा ६ खण्ड (ग) को सर्वसामान्यतामा प्रभाव नपर्ने गरी सरकारी, गैर सरकारी क्षेत्र एवं नागरिक समाजबाट प्राप्त हुने प्रस्तावको छानविन तथा सम्भाव्यता मूल्याङ्कन गर्न, ती प्रस्तावको प्राथमिकताक्रम निर्धारण गर्न, उपयुक्त प्रस्तावको लागि कोषबाट आवश्यक रकम उपलब्ध गराउने सम्बन्धमा समितिमा सिफारिस गर्न र स्वीकृत आयोजनाको कार्यान्वयन स्थिति, अनुगमन तथा मूल्याङ्कन समेत गर्न एउटा प्राविधिक उप-समिति रहनेछ ।

प्राविधिक उप-समिति को गठन तपसिल अनुसार हुनेछ :

(क) प्राविधिक उप-समितिका, पदेन बाहेकका, सदस्यहरू छनौट गर्न देहाय बमोजिमको एक चयन समिति गठन हुनेछ :

(क) सदस्य-सचिव, रा.कृ.अ. तथा विकास कोष - संयोजक

(ख) समितिबाट मनोनित २ जना विज्ञ - सदस्य

(ख) चयन समितिमा मनोनित २ जना विज्ञ सदस्यहरूको देहायको योग्यता पुगेको हुनु पर्नेछ :

(क) कृषिसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको ।

(ख) कृषिसँग सम्बन्धित क्षेत्रमा कम्तीमा १५ वर्षको अनुभव भएको ।

(ग) चयन समितिको कार्यपद्धति, सिफारिश गर्ने आधार एवं अन्य व्यवस्था समितिले तोकीदिए बमोजिम हुनेछ ।

(घ) चयन समितिले प्राविधिक उप-समितिका सदस्यहरूको सिफारिश गर्दा अनुभव सहित वर्णानुक्रममा उल्लेख गरी एक पदको लागि बढीमा ३ जनाको दरले सिफारिस गर्नेछ ।

(ड.) चयन समितिका सदस्यहरूको पारिश्रमिक समितिले तोकी दिए अनुसार हुनेछ ।

(च) प्राविधिक उप-समितिमा निम्नानुसारका ९ जना सदस्यहरू रहने छन्:

(१) सदस्य-सचिव, राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष - सदस्य

(२) कृषि/पशु अनुसन्धान विज्ञ - एक/एक गरी दुईजना - सदस्य

(३) कृषि विकास तथा प्रसार विज्ञ - एकजना - सदस्य

(४) पशु सेवा विज्ञ - एकजना - सदस्य

(५) खाद्य तथा पोषण विज्ञ - एकजना - सदस्य

(६) लैंगिक विज्ञ/समाज शास्त्री - एकजना - सदस्य

(७) कृषि अर्थशास्त्री - एकजना - सदस्य

(८) वरिष्ठ कार्यक्रम अधिकृत, कोष सचिवालय - सदस्य सचिव

(छ) प्राविधिक उप-समितिका सदस्यहरूले आफु मध्येबाट चयन गरी संयोजक तय गर्नेछन् । सामान्यतया एक पदावधिमा संयोजक परिवर्तन हुनेछैन ।

(ज) प्राविधिक उप-समितिका संयोजकले आवश्यकता अनुसार सम्बन्धित विज्ञहरूलाई पनि आमन्त्रण गर्न सक्नेछ ।

(झ) प्राविधिक उप-समितिको बैठक एक आ.ब.मा कम्तीमा चारपटक बस्नेछ ।

(ञ) प्राविधिक उप-समितिका पदेन सदस्यहरू बाहेक अन्य सदस्यहरूको पदावधि तीन (३) वर्षको हुनेछ ।

१४. **<u>प्राविधिक उप-समितिको काम, कर्तव्य र अधिकार</u>** : प्राविधिक उप-समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) कोषको नीति तथा कार्यनीति तयार गरी समितिमा पेशगर्ने ।

(ख) स्वतन्त्र समीक्षक (Peer Reviewers) बाट समीक्षा भै पेश हुन आएका प्रस्ताव अध्ययन गरी सिफारिशसहित निर्णयको लागि समितिमा पेशगर्ने ।

(ग) प्रस्तावकहरूमा स्पष्ट नभएका विवरणहरूमा स्वतन्त्र समीक्षकबाट स्पष्टताको लागि माग भै आएमा प्रस्तावहरूसँग स्पष्ट गर्न विवरण मागगर्ने ।

(घ) स्वतन्त्र समीक्षकहरूको छनौट गर्ने र सूची बनाई सचिवालय मार्फत समितिमा पेश गर्ने ।

(ङ) कृषि अनुसन्धान र अन्य सम्बन्धित निकायहरूसँग कार्यक्रम दोहोरोपना हटाउन समन्वय गर्ने ।

१५. **<u>प्राविधिक उप-समितिको सदस्य हुन चाहिने योग्यता</u>** : प्राविधिक उप-समितिको सदस्य हुन देहायका योग्यता पुगेको हुनु पर्नेछ :

(क) सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको ।

(ख) सम्बन्धित क्षेत्रमा कम्तीमा १० वर्षको अनुभव प्राप्त गरेको ।

## <u>परिच्छेद - ४</u>

## <u>स्वतन्त्र समीक्षक</u>

१६. **<u>स्वतन्त्र समीक्षक:</u>** पेश हुन आएका प्रत्येक प्रस्तावको आर्थिक एवं प्राविधिक समीक्षा एवं मूल्याकंन गरी प्राविधिक उप-समितिमा राय पेश गर्न विषयअनुसार ३ जना स्वतन्त्र समीक्षकहरू रहने छन् । कोषमा कार्यरत कर्मचारीहरू, कोष संचालक समितिका सदस्यहरू र प्राविधिक उप-समितिका सदस्यहरू स्वतन्त्र समीक्षक हुने छैनन् ।

१७. **<u>स्वतन्त्र समीक्षकको काम, कर्तव्य र अधिकार:</u>** स्वतन्त्र समीक्षकको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ:

(क) प्राप्त आयोजना अवधारणा पत्रको समीक्षा एवं मूल्याङ्कन गर्ने ।

(ख) प्राप्त पूर्ण प्रस्तावको समीक्षा एवं मूल्याङ्कन गर्ने ।

(ग) समीक्षा एवं मूल्याङ्कन गरी उपयुक्त र अनुपयुक्त ठहरिएका प्रस्ताव बारे कारणसहित सचिवालयमा पेश गर्ने ।

(घ) स्पष्ट नभएका विवरणहरूको सूची बनाई सचिवालयमा पेश गर्ने ।

१८. **स्वतन्त्र समीक्षक हुन आवश्यक योग्यता र आचार संहिता:** (१) स्वतन्त्र समीक्षकमा रहन देहायको योग्यता पुगेको हुनु पर्दछ ।

(क) सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको ।

(ख) सम्बन्धित क्षेत्रमा कम्तीमा १० वर्षको अनुभवप्राप्त गरेको ।

(२) स्वतन्त्र समीक्षकको आचार सहिंता देहाय बमोजिम हुनेछ :-

(क) स्वतन्त्र समिक्षकका नाम गोप्य रहनेछन् ।

(ख) स्वतन्त्र समिक्षकले आफूलाई सुम्पिएको कार्यको गोपनियता राख्नुपर्नेछ ।

(ग) गोपनियता र विश्वसनियताको लागि स्वतन्त्र समिक्षकले प्रस्तावदातासँग सम्पर्क गर्नु हुँदैन ।

(घ) स्वतन्त्र समिक्षकले यस कार्यविधि र कोषद्वारा पारीत आचार संहिताको उलंघन गरेको पाइएमा प्राविधिक उपसमितिको सिफारिसमा कोष संचालक समितिले त्यस्तो समिक्षकलाई प्रचलित कानून बमोजिम कारवाही गर्न सक्नेछ ।

(ङ) कुनै व्यक्ति प्रस्तावित आयोजनाको संयोजक वा कार्यदलको सदस्य तथा प्रस्तावक संस्थाको कुनै पनि पदाधिकारी रहेमा उक्त आव्हान स्वतन्त्र समिक्षकको हैसियतमा कामगर्न पाउने छैनन् र सो बारे स्वतन्त्र समिक्षकले समिक्षा गर्नु पूर्व आयोजना प्रस्ताव र प्रस्तावकसँग कुनै सम्बन्ध नरहेको बारे कोषमा लिखित जानकारी गराउनुपर्ने छ ।

(च) आचार संहिता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१९. **पारिश्रमिक** : आयोजना अवधारणा पत्र, पूर्ण आयोजना प्रस्ताव र शोधकार्य प्रस्तावहरूको समिक्षा एवं मूल्याङ्कन गरेवापत स्वतन्त्र समिक्षकले पाउने पारिश्रमिक नेपाल सरकारले निर्धारण गरेको प्रकृया बमोजिम समितिले निर्धारण गरे अनुसार हुनेछ ।

## परिच्छेद - ५

## अनुदान सहयोग तथा क्षेत्र

२०. **अनुदान सहयोग** : (१) कृषक समस्यासँग सम्बन्धित एवं कृषकको जीवनस्तर उकास्न माग उत्प्रेरित देहायका प्रस्तावमा अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ :

(क) अनुसन्धान तर्फः Action Research, Combined Research, Collaborative Research र Adaptive Research ।

(ख) प्रसार तर्फ : Collaborative, Partnership र Participatory Extension ।

(ग) कृषि पेशालाई व्यवसायको रूपमा विकास गरी उत्पादन र उत्पादकत्व बढाउने खालका प्रविधि एवं स्थानिय कृषि तथा पशु सेवा प्रविधि जगेर्ना/प्रसार गर्ने कार्यक्रम ।

(घ) विद्यमान कृषि योजना र नीतिहरू तथा आवधिक योजनामा प्राथमिकता दिईएका बाली एवं पशुपक्षी र सोसँग सम्बन्धित प्रविधिको विकास वा प्रसार वा संयुक्त कार्यक्रम ।

(ङ) कृषकमूलक कृषि विकास कार्यक्रम ।

(च) कृषकको जीवनस्तर उकास्न उपयोगी हुने तत्कालीन र अल्पकालीन कार्यक्रम ।

(२) प्रस्तावक संस्था/संस्थाहरूले अनुसन्धान वा प्रसार वा दुवै कार्यक्रमको संयुक्त रूपमा वा बेग्ला बेग्लै पनि प्रस्ताव गर्न सक्नेछ ।

(३) अनुदान सहयोगबाट संचालन हुने कार्यक्रमको अवधी ३ वर्ष भन्दा बढी हुने छैन ।

(४) निम्न कार्यक्रमको लागि कोषबाट सहयोग उपलब्ध गराईने छैन :

(क) भौतिक निर्माण कार्य,

(ख) संस्थागत स्थापना,

(ग) यातायातका साधनहरू खरिद,

(ङ) अनुसन्धान तथा विकास कार्यको लागि बहुमूल्य सामाग्रीहरू खरिद ।

२१. **प्राथमिकताको क्रम निर्धारण** : (१) प्राविधिक उप-समितिले प्राप्त सबै सम्भाव्य आयोजनालाई कोषको श्रोतबाट अनुदान सहयोग उपलब्ध गराउन प्राथमिकता क्रम निर्धारण गर्नेछ ।

(२) प्राथमिकता क्रम निर्धारण गर्दा अन्य कुराका अतिरिक्त आयोजनाको लागत-प्रतिफल अनुपात, प्रतिफल अवधी, महिला सहभागिता, लाभान्वित हुने वर्ग र परिवार संख्या समेतलाई आधार लिईनेछ ।

२२. **निवेदन दिने प्रक्रिया** : (१) आयोजना अवधारणा पत्र को माग तथा स्वीकृति देहायवमोजिम हुनेछ :

(क) कोषबाट अनुदान सहयोग प्राप्त गर्न चाहने प्रस्तावकले निवेदन दिंदा कोषले तोकेको ढाँचामा आयोजना अवधारणा पत्र (Project Concept Note- PCN) पेश गर्नु पर्नेछ ।

(ख) प्राप्त आयोजना अवधारणा पत्रलाई समीक्षा एवं मूल्यांकनको लागि ३ जना स्वतन्त्र समीक्षककहाँ पठाईनेछ ।

(ग) समीक्षककहाँबाट प्राप्त मूल्यांकनको आधारमा प्राविधिक उप-समितिले आयोजना अवधारणा पत्रलाई पूर्ण प्रस्ताव माग गर्नको लागि समितिमा सिफारिस गर्ने ।

(घ) प्राविधिक उप-समितिको सिफारिसको आधारमा समितिले निर्णय गर्नेछ ।

(ङ) पूर्ण प्रस्ताव मागका लागि समितिले गरेको निर्णय सचिवालयले सार्वजनिक सूचना मार्फत दिनेछ ।

(च) अस्विकृत अवधारणा पत्रहरूका आवेदकहरूले चाहेमा आधिकारिक निवेदन दिई अस्विकृतिको कारणवारे जानकारी लिन सक्नेछन ।

(२) पूर्ण प्रस्तावको माग तथा छानविन : पूर्ण प्रस्तावको माग तथा छानविन देहायवमोजिम हुनेछ :

(क) स्वीकृत आयोजना अवधारणा पत्रमा आधारित रही आवेदकहरू संग निर्धारित ढाँचामा सचिवालयले पूर्ण प्रस्ताव माग्ने छ ।

(ख) प्राप्त हुन आएका पूर्ण प्रस्तावको प्रारम्भिक छानविन गरी सचिवालयले स्वतन्त्र समिक्षकलाई समीक्षाको लागि पठाउने छ ।

(ग) स्वतन्त्र समिक्षकवाट प्राप्त समीक्षा सहितको प्रस्ताव सचिवालयले प्राविधिक उप-समितिमा प्रस्तुत गर्नेछ ।

(घ) प्राविधिक उप-समितिले उपयुक्त देखेको प्रस्तावहरूलाई राय र प्रतिवेदन सहित निर्णयको लागि समिति समक्ष पेश गर्नेछ । यस्तो सिफारीस गर्दा उप-समितिले आवस्यक देखेमा कुनै वा केहि प्रस्तावहरूको संभावना मुल्यांकन वा स्थलगत जाच गर्ने गराउने समेत शर्त राखी गर्न सक्नेछ ।

२३. **प्रस्तावको स्वीकृती** : (१) प्राविधिक उप-समितिले सिफारिस गरेको प्रस्तावको आधारमा समितिले स्वीकृत गर्नेछ ।

(२) प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने अधिकार समितिमा रहनेछ ।

२४. **अनुदान सहयोग स्वीकृतीको जानकारी एवं संभ्फौता** : (१) यस कार्यविधि बमोजिम प्रस्तावको छानविन वा संभाव्यता मूल्याकंन गरी सकेपछि सम्बन्धित प्रस्तावको लागि अनुदान सहयोग स्वीकृत भए नभएको जानकारी सचिवालयले सार्वजनिक सूचना मार्फत दिनेछ ।

(२) अस्वीकृत प्रस्तावका आवेदकहरूले चाहेमा आधिकारिक निवेदन दिई अस्वीकृतिको कारणवारे जानकारी लिन सक्नेछन् ।

(३) स्वीकृत प्रस्तावको हकमा स्वीकृतिको जानकारी दिँदा अन्य कुराका अतिरिक्त अनुदान सहयोग सम्बन्धी शर्त बन्देज तथा संभ्फौता गर्न आउने म्याद समेत उल्लेख गरि दिईनेछ ।

(४) अनुदान सहयोग स्वीकृतिको जानकारी प्राप्त भएपछि तोकिएको म्यादभित्र प्रस्तावकले सहयोग सम्बन्धी सम्भ्फौता गर्न आवश्यक कागजात सहित आधिकारिक प्रतिनिधी पठाउनु पर्नेछ ।

(५) प्रस्तावकले तोकिएको म्यादभित्र सम्भ्फौता गर्न आधिकारिक प्रतिनिधी नपठाएमा अनुदान सहयोग स्वीकृती रद्ध गर्न सकिनेछ ।

(६) कोषबाट स्वीकृत प्रस्तावअनुसार दिईने अनुदान रकम कोष तथा सम्बन्धित प्रस्तावकबीच सम्भ्फौता अनुसार उपलब्ध गराईनेछ ।

(७) कोषबाट आर्थिक सहायता लिई कार्यक्रम संचालन गर्ने संस्थाले कोषको कार्य संचालन निर्देशिका (Operational Manual) बमोजिम कार्यक्रम संचालन गर्नुपर्नेछ ।

२५. **सहयोग सदुपयोग गर्नुपर्ने** : (१) कोषबाट प्रदान गरिएको अनुदान सहयोग जुन उद्देश्यको लागि उपलब्ध गराईएको हो सोही उद्देश्यमा प्रयोग गर्नुपर्नेछ ।

(२) कुनै प्रस्तावकले कोषबाट लिएको अनुदान सहयोगको सही प्रयोग नगरेमा वा दुरुपयोग गरेमा त्यस्तो प्रस्तावकलाई प्राविधिक उप-समितिको सिफारिसमा समितिले देहाय बमोजिमको कारवाही गर्न सक्नेछ :

(क) त्यस्तो प्रस्तावको लागि निकासा हुन बाँकी रकमको निकासा रोक्का गर्ने,

(ख) त्यस्तो प्रस्तावकलाई आउँदो ५ वर्षसम्म कोषबाट कुनै प्रकारको अनुदान सहयोग नगर्ने गरी बन्देज लगाउने,

(ग) दुरुपयोग गरेको अनुदान रकम कानून बमोजिम असुल उपर गर्ने ।

२६. **सुपरिवेक्षण तथा अनुगमन** : (१) कोषबाट प्रदान गरिएको अनुदान सहयोगको सदुपयोग भए नभएको र त्यस्तो सहयोगबाट संचालित आयोजना वा कार्यक्रमको कार्यान्वयन स्थिति सम्बन्धमा प्राविधिक उप-समितिले सुपरिवेक्षण, अनुगमन तथा मूल्याकंन गर्नेछ ।

(२) समितिले कार्य सम्पन्न प्रतिवेदन स्वीकृत गरेपछि आयोजना/ कार्यक्रम समापन भएको मानिने छ ।

## परिच्छेद - ६

## सचिवालय

२७. **सचिवालयको व्यवस्था** : (१) कोषको कार्यालयको रूपमा काम गर्न एक सचिवालय रहने छ ।

(२) सचिवालयको कार्यकारी प्रमुखको रूपमा सदस्य-सचिव रहने छन् ।

(३) सचिवालयको लागि आवश्यक दरबन्दी समितिबाट निर्णय भए अनुसार कृषि विकास मन्त्रालयले व्यवस्था गर्नेछ ।

(४) कोष संचालक समितिको निर्णय अनुसार आवश्यक विषय विशेषज्ञ करारमा लिने ।

(५) करारमा लिईएका विषय विषेशज्ञको पारिश्रमिक कोष संचालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) करारमा लिईएका विषय विषेशज्ञको करार अवधि एक पटकमा ३ महिना भन्दा बढी हुने छैन ।

२८. **सचिवालयको काम** : सचिवालयले देहायको कार्य गर्नेछ :

(१) दैनिक कार्य संचालन गर्ने

(२) आयोजना अवधारणा पत्र माग गर्ने,

(३) स्वीकृत आयोजना अवधारणा पत्रको पूर्ण प्रस्ताव माग गर्ने,

(४) प्राप्त हुन आएका आयोजना अवधारणा पत्र र पूर्ण प्रस्ताव मुल्यांकन समिक्षाको लागि पठाउने,

(५) स्वीकृत प्रस्तावको लागि अनुदान सम्झौता गर्ने,

(६) कोष निकासा, प्रगति प्रतिवेदन र अनुगमनको लागि आवश्यक काम कारवाही गर्ने,

(७) कार्यक्रम तथा बजेट तर्जुमा गरी समितिमा पेश गर्ने । स्वीकृत भएको बजेट नियमानुसार खर्च गर्ने र लेखा परीक्षण गराउने ।

(८) कोषको आर्थिक तथा प्रशासनिक एवं अनुदान व्यवस्थापनमा परिआएका कार्यहरू गर्ने,

(९) कोषको क्रियाकलाप र कार्यक्रमहरूको प्रचार प्रसार गर्ने ।

(१०) स्वीकृत आयोजनाहरूको अनुगमन मूल्याकंन गर्ने ।

(११) कोषसँग सम्बन्धित प्राविधिकहरू, प्राविधिक उप-समितिका सदस्यहरू एवं स्वतन्त्र समीक्षकहरू समेतको क्षमता बृद्धि गर्ने कार्यक्रम तर्जुमा गरी समितिमा सिफारिस गर्ने ।

(१२) राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषबाट भएका अनुसन्धान तथा विकास गतिविधि सम्बन्धी वार्षिक प्रतिवेदन र अन्य सम-सामयिक प्रगति स्थितिहरू माग अनुसार नेपाल सरकार र सम्बन्धित निकायहरूलाई उपलब्ध गराउने ।

## परिच्छेद-७

## कोषको श्रेस्ता र लेखा परीक्षण

२९. **कोषबाट खर्च गर्न सकिने** : कोषको सम्पूर्ण खर्च कोष खाताबाट व्यहोरिने छ।

३०. **कोषको खाता र खाता संचालन** : (१) कोषमा प्राप्त भएका सम्पूर्ण रकम कोष खातामा जम्मा गरिने छ।

(२) आवश्यकता अनुसार कोष खाताको रकम उद्देश्य र कार्यक्रम अनुसार विभिन्न खाता खोली राख्न सकिने छ।

(३) नेपाल सरकारको कार्यालयहरूको खाता संचालन भएको बैंकमा कोषको खाता आवश्यकता अनुसार खोलिने छ।

(४) कोषको खाता सदस्य-सचिव तथा लेखा अधिकृत वा लेखापालको संयुक्त दस्तखतबाट संचालन हुनेछ।

३१. **कोषको श्रेष्ता तथा लेखा परीक्षण** : (१) कोषको श्रेष्ता नेपाल सरकारको आर्थिक नियमानुसार हुनेछ।

(२) कोषको कारोबारको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ।

## परिच्छेद-८

## विविध

३२. **कार्यक्रम तथा बजेट तयार गर्ने** : (१) प्रत्येक आउँदो आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी सचिवालयले समिति समक्ष पेश गर्ने।

(२) समिति समक्ष पेश गरिएको कार्यक्रम तथा बजेटमा समितिले आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ।

(३) समितिले नेपाल सरकारबाट प्राप्त गर्ने रकमको निमित्त कृषि विकास मन्त्रालय मार्फत माग गर्नुपर्नेछ।

(४) नेपाल सरकारबाट प्राप्त हुने अनुदान तथा अन्य निकायहरूबाट कोषमा प्राप्त हुने रकम थपघट वा अन्य कारणले कार्यक्रम तथा बजेटमा संशोधन गर्न आवश्यक देखिएमा सचिवालयले संशोधित कार्यक्रम तथा बजेट समितिको स्वीकृतिको लागि पेश गर्नुपर्नेछ।

३३. **बैठक भत्ता** : समिति एवं उप-समितिका पदाधिकारीहरू र अन्य आमन्त्रीत व्यक्तिले वैठकमा उपस्थित भएको दिनको वैठक भत्ता नेपाल सरकारले निर्धारण गरेको प्रकृया अनुसार समितिले निर्धारण गरेअनुसार हुनेछ।

३४. **वार्षिक प्रतिवेदन** : सदस्य सचिवले लेखा परीक्षकको प्रतिवेदन सहितको कोषको वार्षिक प्रतिवेदन तयार गरी सबै सदस्य एवं कृषि विकास मन्त्रालयमा पेश गर्नेछ।

३५. **पुरस्कार तथा सम्मानको व्यवस्था** : राम्रो काम गर्ने संस्थालाई प्रोत्साहन स्वरूप समितिको निर्णय अनुसार उचित सम्मान तथा पुरस्कार दिन सकिने छ।

३६. **निर्देशिका वनाउन सक्ने** : समितिले कोषका उद्देश्य पुर्तिका लागि आवस्यक निर्देशिका बनाई लागु गर्न सक्ने छ।

३७. **बाधा अडकाउ फुकाउने** : यस कार्यविधिको कुनै कुरा कार्यान्वयन गर्न वाधा अड्चन परेमा त्यस्तो वाधा अड्चन फुकाउन समितिले आवस्यक निर्णय गर्न सक्नेछ।

३८. **कार्यविधीमा संशोधन एवं हेरफेर** : यस कार्यविधीमा कोष संचालक समितिले आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ।

३९. **खारेजी र बचाउ** : (१) राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषको कोष संचालक कार्यविधी, २०५८ खारेज गरीएको छ।

(२) उपदफा (१) बमोजिमको कार्यविधी बमोजिम भए गरेको कामहरू यस कार्यविधी बमोजिम भए गरेको मानीनेछ।